सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग पुल्चोक, ललितपुर

प्रेस विज्ञप्ति

मितिः २०८१/०१/०२

(विषयः अभियोग पत्र दायर गरिएको।)

वादी नेपाल सरकार प्रतिवादी दुर्गासिं तामाङ्ग समेत भएको लागु औष (खैरो हेरोईन) मुद्धाको अनुसन्धानको सिलसिलामा पक्राउ परेका आरोपी दुर्गासिं तामाङ्गको साथबाट र निजको डेराकोठाबाट लागु औषध (खैरो हेरोईन) सहित नगद रु.२३,५०,०००।-(अक्षरुपी तेईस लाख पचास हजार) समेत बरामद भएको, निजको बिभिन्न बैंकहरुबाट प्राप्त खाताको बिबरण तथा बैंक स्टेटमेन्ट हेर्दा निजको हिमालयन बैंक लि.को. खाता नं.०४६०८५७०५२००१३ मा नगद रु.२,२३,३०३।५७ र नेपाल ईन्भेष्टमेन्ट मेगा बैंक लि.को खाता नं.०२१०५०२००३०९६८ मा रु.७,५९१।९९ रकम मौज्दात रहेको देखिएको, निजले लागु औषधको कारोबारबाट अवैध सम्पत्ति आर्जन गरी अन्यत्र स्थानहरुमा समेत लुकाई राख्न सक्ने देखिएकोले निज उपर सम्पत्ति शुद्धीकरण तर्फ समेत अनुसन्धान तथा कारबाही हुन भन्ने व्यहोराको लागू औषध नियन्त्रण व्युरो कोटेश्वर, काठमाण्डौको च.नं.३४५३ मिति २०७७।१२।२४ गतेको पत्रबाट यस विभागमा प्राप्त हुन आएको सूचना उपर सम्पत्ति शुद्धीकरणको कसुरमा प्रारम्भिक जाँचबुझ तथा अनुसन्धान हुँदा प्रतिवादी मनिष भन्ने दुर्गासिं तामाङ्गले लागूऔषध कारोबारको कसूरबाट प्राप्त सम्पत्ति जानीजानी, थाहा जानकारी पाई उक्त सम्पत्ति शुद्धीकरण गर्ने मनसायले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३(१)(क),(ख),(ग) द्वारा निषेधित तथा दफा ३(३) ले कसूर कायम गरेको सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूर गरेको तथ्य पुष्टि हुन आएकाले प्रतिवादी मनिष भन्ने दुर्गासिं तामाङलाई बीगो रु. ४०,०७,२०८।१० (चालिस लाख सात हजार दुईसय आठ रुपैया पैसा दश मात्र) कायम गरी सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) बमोजिम कसूरको मात्रानुसार कैद, बिगो रकम रू.४०,०७,२०८।१० (अक्षरेपी चालीस लाख सात हजार दुईसय आठ रूपैयाँ दश पैसा मात्र) को दोब्बर जरिवाना, प्रतिवादीको साथमा तथा निजको नाममा रहे भएका बैंक खाता तथा घरजग्गा समेत सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३४ बमोजिम जफत हुन मागदावी लिई आज मिति २०८१/१/२ गतेका दिन सम्मानित विशेष अदालत काठमाडौं समक्ष अभियोग पत्र दायर गरिएको छ ।